राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७५ असोज २४

## आयोगद्वारा कञ्चनपुर जिल्लाकी निर्मला पन्तको घटनाको अनुसन्धान सम्बन्धमा विज्ञहरुसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपश्चात् हत्याको घटनाको सर्न्दभमा राय/सुझाव लिने उद्देश्यले अपराध अनुसन्धानका विज्ञहरुसँग आज आयोगमा छलफल गरेको छ ।

सो क्रममा उक्त घटनामा नेपाल प्रहरीबाट गरिएको प्रारम्भिक अनुसन्धान, सरकारी टोलीहरुबाट गरिएका अनुसन्धान तथा अनुसन्धानको सिलसिलेवार प्रक्रिया लगायतका विषयमा छलफल भएको छ । छलफलमा घटनास्थलको सुरक्षा, सूचना तथा प्रमाणहरुको संकलन प्रक्रिया, वैज्ञानिक परीक्षण विधि र प्रक्रिया लगायत हालसम्म भएका अनुसन्धानवाट प्राप्त तथ्यहरुको सम्बन्धमा छलफल तथा विश्लेषण गरिएको थियो । आगामी दिनमा प्रहरीद्वारा गरिएको अनुसन्धानको विषयमा आयोगले गर्नुपर्ने कार्यहरुको बारेमा समेत सुझाव प्राप्त भएको छ ।

छलफलमा आयोगका कार्यवाहक अध्यक्ष प्रकाश वस्ती, सदस्य सुदिप पाठक, नेपाल प्रहरीका पूर्व अतिरिक्त प्रहरी महानिरीक्षकहरु राजेन्द्रवहादुर सिंह र विज्ञानराज शर्मा, पूर्व प्रहरी नायव महानिरीक्षकहरु, रमेश खरेल र बमबहादुर भण्डारी, पूर्व नायव महान्यायाधिवक्ताहरु नरेन्द्रप्रसाद पाठक, सूर्यप्रसाद कोइराला र ठोकप्रसाद शिवाकोटी, आयोगका नि. सचिव मुरारिप्रसाद खरेल, निर्देशक डा. टीकाराम पोखरेल, उपनिर्देशक लोकनाथ वास्तोला लगायत आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

मुरारिप्रसाद खरेल
नि. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org